# विशेष अदालत

बबरमहल,काठमाण्डौं

फोन नं.:- ५३४२६३६
५३४१३७४
फ्याक्स:- ५२१६६५१
E-mail:-mudda.special@supremecourt.gov.np


च.नं. २६०५

मिति: २०७९।०७।२७

विषयः अनलाइन तारेख सम्वन्धमा ।

श्रीमान रजिष्ट्रार ज्यू, उच्च अदालत

श्रीमान श्रेस्तेदार ज्यू, जिल्ला अदालत

उपरोक्त सम्बन्धमा विशेष अदालतमा दर्ता भएका मुद्दाका पक्षहरुको सुविधाको लागि अनलाइन तारेखको ब्यवस्था गरिएकोमा अनलाइन तारेख सम्वन्धमा अहिले तहाँ अदालतबाट तारेख तोक्दा अधिकांश मुद्दामा पक्ष उपस्थित भएको दिन मात्र खुलाइ तारेख तोकिएकोले तारेखमा उपस्थित हुने पक्षले कहिलेको साधारण तारेख/पेशीको तारेख/साक्षी बकपत्रको तारेख लिएको भन्ने तारेख भरपाइबाट खुल्न नसकी मुद्दाको सुनुवाइ गर्ने नगर्ने विषयमा समस्या देखिएकाले अनलाइन तारेखलाई थप प्रभावकारी वनाउन देहाय वमोजिम गर्नु हुन अनुरोध गरिन्छ ।

देहायः-

१। विशेष अदालतबाट तोकिएको तारेख लिन आउनुहुने सेवाग्राहीलाइ विशेष अदालतबाट तारेख तोकी सो ब्यहोरा Upload भए पश्चात मात्र पेशी/साक्षी/साधारण तारेख जनाइ के कुन गतेको तारेख लिएको मिति समेत उल्लेख गरी उपस्थित हुने भन्ने ब्यहोरा समेत खुलाइ तारेख तोकी दिनुहुन ।

२। अनलाइन तारेख तोके पश्चात mudda.special@supremecourt.gov.np मा तारेख भरपाइ अपलोड गरी दिनुहुन ।

३। Online तारेखमा रहेका पक्षले कुनै कारणबस तारेख गुजारी तारेख थाम्नु पर्ने अवस्था भए सक्कल मिसिल नै हेर्नु पर्ने हुँदा विशेष अदालतमा नै उपस्थित भइ थाम्ने थमाउने निवेदन दिनु पर्ने भएकोले तहाँ अदालतबाट थाम्ने थमाउने सम्वन्धी कार्य नगरी दिनुहुन ।

४। अनलाइन तारेख सम्वन्धमा सहजिकरणका लागि विशेष अदालतमा तोकिएका सम्पर्क ब्यक्तिहरु-

क) शाखा अधिकृत श्री यज्ञराज रेग्मी - प्रशासन शाखा मोवाइल नं ९८५११९८२५८

ख) ना.सु. श्री प्रेम दाहाल मुद्दा फाँट (ख) मोवाइल नं ९८४४८१७४२७

ग) ना.सु. श्री प्रेम उप्रेती मुद्दा फाँट (क) मोवाइल नं ९८४५३४२८५४

घ) सूचना प्राविधिक श्री टामलाल भुसाल मोवाइल नं ९८४१२०९०९३

पुनश्चः यस अदालतमा सम्पर्क गर्दा Email -mudda.special@supremecourt.gov.np प्रयोग गर्नुहुन सादर अनुरोध छ ।

बोधार्थः- श्री सर्वोच्च अदालत ( आ.प्र. शाखा तथा सूचना प्रविधि शाखा )

अशोक कुमार क्षेत्री
रजिष्ट्रार